"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

### सेवा करारमा कर्मचारी भर्ना गर्नेसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।११।०४)

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ अनुसार यस नगरपालिकाका लागि देहायबमोजिमको पदमा सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएको हुँदा तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको प्रशासन शाखामा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र स | विज्ञापन नं | पद | तह | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ०१/०७८-७९ | सुपरिवेक्षक | पाँचौं | २ |
| २ | ०२/०७८-७९ | गणक | चौथो | १२ |

१. आवश्यक न्यूनतम योग्यताः
- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- प्रचलित कानुनबमोजिम अयोग्य नठहरिएको

२. शैक्षिक योग्यताः
क. सुपरिवेक्षकका लागिः मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र, जनसङ्ख्या वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्प्युटरसम्बन्धी आधारभूत तालिम लिएको
ख. गणकका लागिः मान्यताप्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र, जनसङ्ख्या वा अर्थशास्त्र विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्प्युटर सम्बन्धी आधारभूत तालिम लिएको

३. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो र कार्यानुभव भए अनुभव खुल्ने कागजात

४. दरखास्त पाउने स्थानः महालक्ष्मी नगरकार्यपालिकाको कार्यालय ललितपुरको वेभसाइट www.mahalaxmimun.gov.np बाट डाउनलोड गर्न सकिने

५. दरखास्त बुझाउने स्थानः महालक्ष्मी नगरकार्यपालिकाको कार्यालय

६. आवेदन दस्तुरः सुपरिवेक्षकका लागि रु ४००/- र गणकका लागि रु ३००/-

७. आवेदन दिने अन्तिम मितिः २०७८।११।१८ गतेसम्म

८. परीक्षाको किसिमः संक्षिप्त सूची प्रकाशन, अन्तर्वार्ता

९. प्राथमिकताः अनुभवी र स्थानीयलाई प्राथमिकता दिइने

१०. पारिश्रमिक तथा सेवा सुविधाः नियमानुसार

११. करार अवधिः २०७९ असार मसान्तसम्म

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत